भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४
चलानी नं. : १७१

मिति : २०८३-०५-२२
ने.सं - ११४६ गुलागा, २६ सोमबार

**विषयः <u>सूचना टाँस गरी जानकारी पठाउने तथा माग संकलन गर्ने सम्बन्धमा ।</u>**

श्री वडा कार्यालयहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको **प्रथम पटक प्रकाशित <u>विपद्‌वाट क्षति कृषि वालीमा वस्तुगत सहायता अनुदान कार्यक्रमतर्फ गहुँको विउ माग गर्ने सम्बन्धी सूचना</u> (१५ दिने)** त्यहाँ वडा कार्यालयको **सूचनापाटीमा टाँस** गरी वडाभित्र रहेका **विनाशकारी असिनापानीको कारणवाट गहुँ वालीमा क्षति भएका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड**हरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन र **इच्छुकवाट गहुँ विउ माग**को लागि **आवेदनको ढाँचा बमोजिम माग संकलन** गर्नु गराउनुहुन अनुरोध छ ।

साथै उक्त प्रकाशित सूचनाको पाना, अनुदान विउ माग सम्बन्धी आवेदन-पत्र, वडा कार्यालयको असिनापानी क्षति प्रमाणीकरण सिफारिस-पत्र र गहुँको उन्नत विउ माग संकलन सम्बन्धी विवरण फाराम/ढाँचा १/१ (एक/एक) प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

२०८३।०५।२२

प्रेम प्रसाद भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- (कृषि) २०८३/८४
सूचना नंम्बर.:- ११

## विपदवाट क्षति कृषि वालीमा वस्तुगत सहायता अनुदान कार्यक्रमतर्फ गहुँको विउ माग गर्ने सम्बन्धी सूचना ।
(प्रथम पटक सूचना प्रकाशित मितिः- वि.सं. २०८३/०५/२२ गते सोमवार)

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) कार्यालयको चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत प्रथम चौमासिक अवधिमा सञ्चालन हुने **विपद्वाट क्षति कृषि वालीमा वस्तुगत सहायता अनुदान कार्यक्रम**तर्फ **निःशुल्क १०० प्रतिशत अनुदानमा गहुँको उन्नत बिउ वितरण कार्यक्रम**मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने **भूमे गाउँपालिका, रुकुम (पूर्व)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड**हरुले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु संलग्न गरी **यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मितिः वि.सं. २०८३/०६/०५ गते सोमवार)भित्र** कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका माग निवेदन फारामहरु छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

- अनुसूची- २ बमोजिमको आवेदन-पत्र ।
- सम्बन्धित वडा कार्यालयवाट जारी असिनापानी क्षति प्रमाणीकरण सिफारिस-पत्र (अनुसूची– ३ बमोजिम) ।
- आवेदकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- कृषि फार्म/समूह/सहकारीको हकमा सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- कृषक समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

............
(विशाल पुन मगर)
कृषि प्राविधिक

............ ८३/०५/२२
(प्रेम प्रसाद भट्टराई)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्कका लागिः**

१. प्राविधिक सहायक- मोहन कुमार डाँगीः- ९८४७८६१३२९
२. कृषि प्राविधिक- विशाल पुन मगरः- ९८६६९०४६५६, ९८१०९४०९९५

**नोट/पुनश्चः**

- *उल्लेखित विपद्वाट क्षति कृषि वालीमा वस्तुगत सहायता अनुदान कार्यक्रमतर्फ निःशुल्क १०० प्रतिशत अनुदानमा गहुँको उन्नत बिउ वितरण कार्यक्रम माग गर्नको लागि आवेदन-पत्र र असिनापानी क्षति प्रमाणीकरण सिफारिस-पत्रको फाराम/ढाँचा/नमुना भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु र भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाइट www.bhumemun.gov.np तथा Facebook page वाट प्राप्त गर्न सकिनेछ ।*

# अनुसूची- २: अनुदान बिउ माग सम्बन्धी आवेदन-पत्रको ढाँचा

मिति:- २०८३/........./......... गते

श्री संयोजकज्यू,
लाभग्राही छनोट तथा अनुगमन समिति/कृषि सेवा केन्द्र,
भूमे गाउँपालिका, रुकुम (पूर्व)।

विषय:- नि:शुल्क गहुँको बिउ उपलब्ध गराईदिने सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा भूमे गाउँपालिका, वडा नं. .......... मा मिति २०८३/०१/१२ गते आएको असिनापानी तथा प्राकृतिक विपत्तिका कारण मेरो खेतमा लगाइएको गहुँ बालीमा पूर्ण/आंशिक क्षति पुगी आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बिउ समेत सञ्चय गर्न नसकिएकाले गाउँपालिकाको वस्तुगत अनुदान कार्यक्रम अन्तर्गत नि:शुल्क गहुँको विउ प्राप्त गर्न देहायका विवरण र कागजात संलग्न गरी आवेदन पेस गरेको छु । पेस गरिएका विवरणहरू सत्य-तथ्य छन्, झुट्टा ठहरे कानुन बमोजिम सहूँला/बुझूँला ।

१. आवेदक/कृषकको विवरण:

- कृषकको नाम/थर:- .......................................
- नागरिकता नं.:- ............................ जारी मिति/जिल्ला: ...............................................
- बाबु/पतिको नाम:- ...........................................
- ठेगाना: भूमे गाउँपालिका, वडा नं.:- ........... टोल:- .................................
- सम्पर्क मोबाइल नं.:- .......................................

२. क्षति तथा जग्गाको विवरण:

- गहुँ खेती गरिने कुल जग्गाको क्षेत्रफल:- ................ रोपनी
- जग्गाको स्वामित्व:- आफ्नो ( )/भाडा वा मोही ( )
- २०८३ वैशाख १२ को असिनापानीबाट भएको क्षति प्रतिशत:- ..................%
- माग गरिएको गहुँको बीउ परिमाण:- ...................... के.जी.

संलग्न कागजातहरु:

- वडा कार्यालयको क्षति प्रमाणीकरण सिफारिस-पत्र – १ प्रति ।
- नागरिकताको प्रतिलिपि – १ प्रति ।
- कृषि फार्म/समूह/सहकारीको हकमा सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति ।
- कृषक समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि- १ प्रति ।

निवेदकको दस्तखत:- ............................
कृषकको नाम/थर:- ..........................................
मिति:- २०८३/........../.......... गते

# अनुसूची- ३: वडा कार्यालयको असिनापानी क्षति प्रमाणीकरण सिफारिस-पत्रको ढाँचा

भूमे गाउँपालिका
........... नं. वडा कार्यालय
..............................., रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:- २०८३/८४ मिति:- २०८३/........./......... गते
चलानी नंम्बरः- ...........

विषयः- सिफारिस पत्र

श्री कृषि सेवा केन्द्र,
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

उपरोक्त विषयमा भूमे गाउँपालिका, वडा नं. .............., ........................... टोल निवासी श्री ........................................ (नागरिकता नं. ...................................) ले मिति २०८३/०१/१२ गते आएको विनाशकारी असिनापानीका कारण आफ्नो खेतमा लगाइएको गहुँ बालीमा अनुमानित .................. प्रतिशत क्षति पुगी आगामी यामका लागि गहुँको बिउ भण्डारण गर्न नसकेको भनी दिनुभएको निवेदन तथा वडा समितिको स्थलगत प्राविधिक निरीक्षण अनुसार व्यहोरा मनासिब र सत्य देखिएको छ ।

तसर्थ, निज कृषकलाई गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को "असिनापानी प्रभावित कृषक नि:शुल्क गहुँ बीउ वितरण कार्यक्रम" अन्तर्गत तोकिएको मापदण्ड अनुसार अनुदानको बीउ उपलब्ध गराई सहयोग गरिदिनुहुन सिफारिस साथ अनुरोध गरिन्छ ।

सिफारिस गर्ने अधिकारीको दस्तखत:- .....................
नाम/थर:- ........................................
पद:- वडा अध्यक्ष /वडा सचिव
कार्यालयको छाप:-

**विपद्‌वाट क्षति कृषि वालीमा वस्तुगत सहायता अनुदान कार्यक्रमतर्फ गहुँको उन्नत विउ माग गरेका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको**

**विवरणः**

१. स्थानीय तहको नाम/स्थायी ठेगानाः- भूमे गाउँपालिका, खावाङ्ग बगर, रुकुम (पूर्वी भाग)

२. वडा कार्यालयको नाम/स्थायी ठेगानाः- भूमे गाउँपालिका, ........... नं. वडा कार्यालय, ......................................., रुकुम (पूर्वी भाग)

३. गहुँको उन्नत विउ माग संकलन सम्बन्धी विवरणः

| क्र.सं. | कृषक/कृषि फार्म/समूह/सहकारीको नाम | स्थायी ठेगाना (स्थानीय तह/वडा नं./टोल/जिल्ला) | सञ्चालक/अध्यक्षको नामथर | माग गरेको गहुँ उन्नत विउको जम्मा परिमाण (के.जी.) | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| कुल जम्मा | | | | | - |

.....................
तयार गर्नेः

...............................
वडा कार्यालयको छापः

.....................
प्रमाणित गर्नेः